गण्डकी प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

पोखरा, नेपाल

## विश्व वातावरण दिवसको अवसरमा शुभकामना सन्देश

पृथ्वी हामी सबैको साझा घर हो । प्रकृतिमा रहेका सबै जीवहरुको बाँच्न पाउने अधिकार सुनिश्चित गर्नुपर्दछ । प्राकृतिक स्रोतको दिगो उपयोग गरी स्वच्छ, वातावरणमैत्री र हरित विकास मार्फत मानवीय जीवनपद्धतिको अनुशरण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने हाम्रो कर्तव्य तथा जिम्मेवारी हो ।

संयुक्त राष्ट्रसंघको महासभाले आव्हान गरे अनुरुप सन् १९७४ देखि प्रत्येक वर्ष जुन ५ का दिन निरन्तर रुपमा **विश्व वातावरण दिवस** मनाउदै आईएको छ । हामी यस वर्ष **"प्लाष्टिकजन्य प्रदुषण निर्मुल पारौः वातावरणमैत्री विकल्पको उपयोग गरौ"** भन्ने मूल नारामा आधारित भई विश्व वातावरण दिवस मनाइरहेका छौं ।

विश्वभर वार्षिक चार अर्ब टनभन्दा बढी प्लास्टिक उत्पादन हुने गरेको छ । त्यसको आधा अर्थात २ अर्ब टन प्लाष्टिक एकपटक मात्र प्रयोग हुने गरेको छ भने १९ देखि २३ अर्ब टन प्लाष्टिक ताल, नदी तथा समुन्द्रमा फोहोरको रुपमा थुप्रिने गरेको छ । वार्षिक रुपमा पचास हजारभन्दा बढी माइक्रोप्लास्टिकका कणहरु (५ मिमि भन्दा कम ब्यास भएको) हामीले खाने खाना, पिउने पानी र स्वास फेर्ने हावा मार्फत मानव शरिरमा प्रवेश गर्ने गरेको अध्ययनहरुले देखाएका छन् । जलाएका वा एकपटक प्रयोग गरेर फालिएका प्लाष्टिकले पृथ्वीको शिर सगरमाथादेखि समुन्द्र सतहसम्मको मानव स्वास्थ्य, जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा गम्भिर असर पुर्याईरहेको छ । त्यसैले प्रकृति र मानव सभ्यताको दिगो सहअस्तित्वका लागि विश्व वातावरण दिवसको सान्दर्भिकता अझै बढेर गएको छ ।

प्लाष्टिकको उत्पादनमा जैविक ईन्धनको प्रयोग हुने र त्यसको प्रत्यक्ष सम्बन्ध जलवायू परिवर्तनसँग रहने हुँदा नेपाल आफैं वातावरण विनाशको मुल कारण नभएता पनि हाम्रा हिमालहरू परलने क्रम बढेको छ, पानीका मूलहरू सुक्दै गइरहेका छन्, हाम्रा नदी र प्राणवायूले प्रदुषणको शिकार हुने लगायतका वातावरणीय समस्याहरु दिन प्रतिदिन बढिरहेका छन् । हरेक व्यक्ति, परिवार र समाजले प्लाष्टिकको प्रयोगलाई न्यूनीकरण गर्दा पृथ्वीको पर्यावरण थप बिग्रनबाट रोकिन्छ । तसर्थ, हामीले वातावरण अनुकूलनका कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले अघि बढाउनुका साथै प्लास्टिकजन्य वस्तुहरुको उपयोगलाई निरुत्साहित गर्दै पुनः प्रयोग तथा पुनः उत्पादनमा जोड दिनुको साथै जैविक विकल्पहरुलाई थप प्रोत्साहन गर्न अपरिहार्य छ ।

आजको दिनलाई हामी सबैले आफु वरिपरि रहेको वातावरणीय सरसफाइ गर्ने तथा जल, वायू, जमिन र जङ्गलसँग वनस्पति, जीवजन्तु र मानवको आपसी सम्बन्धलाई जीवन्त बनाई नेपालको संविधानले प्रदत्त गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सार्थक बनाउनका लागि प्रण गर्ने दिनको रूपमा मैले लिएको छु । हाम्रा तिनै तहका सरकार, स्थानीय समुदाय, विकास साझेदार एवं सम्बद्ध सबैलाई हालसम्म गरेका प्रयासहरु र प्राप्त गरेका उपलब्धिहरुको लागि धन्यवाद दिइ पृथ्वीको रक्षा गर्ने महान लक्ष्यमा निरन्तर अघि बढ्न आव्हान गर्दै विश्व वातावरण दिवस २०२३ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२२ जेठ, २०८०

मा. मन्त्री दिपेन्द्र बहादुर थापा

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मन्त्री